नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाण्डौ

## राष्ट्रियस्तरका टेलिभिजन (स्याटेलाइट भएका) हरुमा स्वास्थ्य बीमा कार्यक्रमको सन्देश प्रशारण सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७८।०८।२८**

१. नेपाल स रकार, स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाण्डौले राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत राष्ट्रियस्तरका टेलिभिजनहरुमा स्वास्थ्य बीमा कार्यक्रमको सन्देश प्रशारण सम्बन्धी कार्य गर्नका लागि इच्छुक र योग्यता पुगेका व्यक्ति/फर्म/सप्लायर्स/कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन पुग्ने मिति २०७८।९।२९ गते १२ बजे भित्रमा E-Bidding मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल **www.bolpatra.gov.np/egp** बाट Download गरी वा हेरी Upload गरी पेश गर्न आहवान गरिन्छ ।

| Contract ID No. | Name of Procurement | Bid Security Nrs. | Document Fee Nrs. | Bid Validity Period |
|---|---|---|---|---|
| HIB/G/NCB/ 2078-79/01 | राष्ट्रियस्तरका (स्याटेलाइट भएका) टेलिभिजनहरुमा स्वास्थ्य बीमा सम्बन्धी सन्देश प्रशारण | **१,८०,०००/-** | **३०००/-** | **९० दिन** |

२. बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि यस बोर्डको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : **स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाण्डौ, सम्पर्क नं : ०१-४१००२२३, ४१००२२४,** इमेल ठेगाना : **info@hib.gov.np** साथै यो सूचना **website:www.hib.gov.np** बाट पनि हेर्न सकिने छ ।

३. बोलपत्रदाताले कारोवारको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न राखी निवेदन सहित Upload गर्नु पर्नेछ ।

४. बोलपत्रदाताले माथि उल्लेख भए अनुसारको Bid Security रकम नगदै जम्मा गरेमा को.ले.नि.का. त्रिपुरेश्वरको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाण्डौको धरौटी खाता नं. १७००१००१०२०३०००० , कार्यालय कोड नं. ३७०३१३५०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको इजाजत प्राप्त कुनैपनि बाणिज्य बैंक वा बित्तिय सँस्थाबाट यस बोर्डको नाममा जारी भएको सोही रकम बराबरको बोलपत्र जमानत (बिडबण्ड) को सक्कलै पत्र स्क्यान गरी E-Bidding मार्फत् बोलपत्र साथ Upload गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले माथि उल्लेख भए अनुसारको बोलपत्र दस्तुर (Bid Document) बापतको रकम यस बोर्डको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाण्डौको बैंक खाता नं. १०००१००२०००१०००० , राजस्व शीर्षक नं. १४२२९, कार्यालयको कोड नं. ३७०३१३५०१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर स्क्यान गरी E-Bidding मार्फत् बोलपत्र साथ Upload गर्नु पर्नेछ ।

६. टेलिभिजन प्रसारण अर्न्तगत प्रसारण गर्न चाहने संस्थाहरुको बिगत ३ आ.व.को औसत वार्षिक कारोबार न्यूनतम रु. १ करोड ५० लाख हुनुपर्नेछ र कम्तीमा कुनै एक सरकारी संस्थाको वार्षिक रु. २० लाख भन्दा माथिको सुचनामूलक सन्देश टेलिभिजनहरुबाट प्रसारण गरेको हुनु पर्नेछ । टेलिभिजन प्रशारण अर्न्तगत प्रसारण गर्न चाहने संस्थाहरुले टेलिभिजनहरुसँग लिखित रुपमा सम्झौता गरेको वा सन्देश प्रसारण गर्ने सहमति लिएको पत्र समेत पेश गर्नुपर्ने छ ।

७. बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ । तोकिएको म्याद भित्र प्राप्त भएका बोलपत्रहरू मिति **२०७८।०९।२९ गते अपरान्ह २:०० बजे** बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा यस बोर्डको कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८. बोलपत्र फाराममा उल्लेख भएका निर्देशनहरुको अनिवार्य रुपमा पालना गरी बोलपत्र भरी पेश गर्नु पर्नेछ। Upload भई Registration हुन आएका बोलपत्र स्वीकार गर्ने र रद्द गर्ने सम्पूर्ण अधिकार यस बोर्डलाई हुनेछ ।

९. E-Bidding बोलपत्र पेश गर्दा बोलपत्रदाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल **www.bolpatra.gov.np/egp** मा Bidder को रुपमा Registration गरे पश्चात सो पोर्टलको Homepage मा Bidder को रुपमा login गरी Bid Document डाउनलोड गर्न सकिने साथै Standard Bid Document तथा उक्त पोर्टलमा उल्लेख गरिएको निर्देशन बमोजिम Bidder ले E-bid पेश गर्नु पर्नेछ ।